जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.द.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ३५ २०७६ साल चैत १६ गते आइतवार (29 Mar. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहवाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बिहान ६ देखी ९ बजेसम्म ... **पृष्ठ ३ मा :** नेपाल-भारतको सद्भावपूण ... **पृष्ठ ४ मा :** कोरोना भाइरस संक्रमण रोकथाम ... **पृष्ठ ५ मा :** आगलागीले पसल र ...

# सप्तरीस्थित क्वारेन्टाइनमा ५ महिलासहित १४ जना



**राजविराज**/कोरोना रोकथाम तथा व्यवस्थापनका लागि राजविराजस्थित विभिन्न अस्पताल र स्थानिय तहमा बनाईएको क्वारेन्टाईन केन्द्रमा राखिएको आशंकित व्यक्तिको संख्या १४ पुगेको छ । जस मध्ये महिलाको संख्या ५ छ ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनिया लाल यादवका अनुसार यसरी राखिएका मध्ये अधिकांश कता, मलेशिया र भारतको विभिन्न शहरमा रोजगारी गरी फर्केकाहरु हुन ।

भारत तथा अन्य मुलुकबाट रोजगारीका लागी गई घर फर्केकाहरुबाट संकमण पनि भित्रिन्छ कि भन्ने खतराका कारण त्यस्ता व्यक्तिहरुको खोज तलास गरी क्वाईरेन्टाईनमा राखिएको उनको भनाई छ ।

अघिल्लो दिन ३१ जना रहेकोमा विदेशबाट फिर्ता आउनेको सूची पनि लामै भएकाले क्वाईरेन्टाईनमा आंशकितको संख्या बढेको उनको भनाई छ । क्वाईरेन्टाईनमा राखिएका सवै सप्तरीका बासिन्दा हुन ।

उनले प्रभावित देशबाट आएकाहरुमा कोरोना संक्रमण भए नभएको यकिन गर्न र सुरक्षा प्रदान गर्न कम्तिमा १४ दिन क्वारेन्टाइनमा राखिने व्यबस्था मिलाइएको बताए । स्वस्थलाई घर फिर्ता पठाइन्छ, संक्रमित देखिएकालाई आइसोलेशनमा उनले थपे, "१४ दिन कुर्नै पर्‍यो ।"

यता गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. चुमनलाल दासले क्वारेन्टाइनमा हाल ३१ जना राखिएपनि अहिलेसम्म संक्रमित कुनै व्यक्ति फेला नपरेको बताए । आइसोलेशन कक्षमा आजका मितिसम्म कसैलाई पनि राखिएको छैन्, सबै वेड खाली नै छ उनले भने, "हल्ला पछाडी कोही नलागोस्, घर बाहिर ननिस्कनुस्, सतर्कता अपनाउनुस्, कोरोना आफै भाग्छ ।"

सप्तरीमा कोरोना रोग ब्यवस्थापनका लागि सबै १८ वटै स्थानिय तहमा क्वारेन्टाइन केन्द्र संचालनमा ल्याइएको छ । यस्तै गजेन्द्र नारायणसहित अन्य अस्पतालमा गरि ५६ वेडको आइसोलेशन कक्ष तथा छिन्नमस्ता अस्पतालमा ८ र

*बाँकी पाँच पृष्ठमा*

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा ७८/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# लकडाउनले सप्तरी लक, प्रहरीलाई सेनाको पनि साथ



**राजविराज**/सरकारले देश लकडाउन गरेका कारण सप्तरीमा पनि यसको प्रभाव देखिएको छ ।

लकडाउनका कारण सप्तरीका प्रमुख बजारहरु सुनसान

*बाँकी पाँच पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | CITY EXPRESS | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### कोरोनाबाट बच्न घरमै बसौं

कोरोना भाइरसको त्रासका कारण अहिले मुलुक लकडाउनको अवस्थामा रहेको छ । सम्पूर्ण व्यक्ति घरमै बस्न बाध्य छन् । कोरोना भाइरस संक्रमित व्यक्तिले बोलेपछि मुखबाट निस्कने थुकको छिटाबाट अर्को व्यक्तिको मुखभित्र छिरेमा सर्ने गर्दछ । यस्तो अवस्थामा संक्रमित व्यक्तिको सम्पर्कमा आउने व्यक्तिले मुखमा मास्क लगाउने, हात धुने, हातले मुख, आँखा नछुने र समय समयमा साबुन पानीले हात धुनु पर्दछ । सकेसम्म संक्रमित व्यक्तिको सम्पर्कमा नआउनका लागि सरकारले लकडाउन गरेको बुझ्नुपर्दछ ।

अहिलेको अवस्थामा घरमै बस्नु उचित उपाय हो । कीन भने कोरोना भाइरस बिरुद्ध औषधी निर्माण भएको छैन् । तसर्थ भाइरसको संक्रमणबाट बच्न घरमै बस्नु अहिलेको आवश्यकता हो । घर बाहिर निस्कनै परेमा सामाजिक दुरी कायम गरि मुखमा मास्क र कसैसँग हात नमिलाउने र हात धुने बानीलाई निरन्तरता दिनु आवश्यक छ ।

# बिहान ६ देखी ९ बजेसम्म राजविराजस्थित रंगशालामा हाट बजार लाग्दै

**राजविराज**/सम्भावित कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राख्दै राजविराज नगरपालिकाले शनिबारदेखी राजविराजस्थित राजरंगशालामा हाट बजार लगाउने निर्णय गरेको छ ।

हाल वडा नं. ७ मा संचालित हाट बजार बन्द गरि शनिबार बिहान ६ बजेदेखी ९ बजेसम्म रंगशालामा लगाउने नगरपालिकाको शुक्रबार सम्पन्न बैठकले निर्णय गरेको हो ।

स्थानिय प्रशासनले लकडाउनको अवधीमा बिहान ६ बजेदेखी ९ बजेसम्म सर्वसाधारणलाई अत्यावश्यक खाद्यान्न र तरकारी किन्न छुट दिएपछि उक्त हाट बजारमा सर्वसाधारणको अत्याधिक भिड लाग्ने गरेको थियो । जसकारण कोरोना संक्रमणको जोखिम बढ्ने भएकाले सतर्कताका लागि सो हाट बजार हालका लागि बन्द गर्ने निर्णय गरिएको नगरप्रमुख शम्भुप्रसाद यादवले बताए ।

सामाजिक दुरी कायम गर्दै ग्राहक ग्राहकबीच कम्तिमा ३ मिटरको फरकमा लाम बसी उपभोग्य सामाग्रि खरीद बिक्रि गर्ने गरि रंगशालाको खेलमैदानलाई व्यवस्थित गर्न लागिएको उनको भनाई छ ।

यसैबीच लकडाउनको बेला नगरपालिकाले खाद्यान्नको आपुर्तीका लागि घर घरमा खाद्यान्न पुर्‍याउने व्यवस्था मिलाएको छ । यसका लागि निर्मल किराना पसल, महेश साह र रमेश किराना पसलले ग्राहकको घर घरमा खाद्यान्न पुर्‍याउने प्रतिबद्धता जनाएको राजविराज नगरपालिका वडा नं. ८ का अध्यक्ष जयनारायण मण्डलले जानकारी दिएका छन् ।

यस्तै वडा नं. ८ स्थित पुलचौकमा ५, सिन्हा ग्यारेज नजिक २ र रुपनी रोडस्थित सफ्टेक कलेजक नजिक ३ वटा तरकारी पसल व्यवस्थित रुपले संचालनका लागि तयार भएको वडा अध्यक्ष मण्डलको भनाई छ ।

# लकडाउनका बेला संचालनका लागि छुट दिइएका पसलमा अनुगमन



**राजविराज**/स्थानीय हाट बजारमा केही पसलेले दैनिक उपभोग्य बस्तुको मनपरी मुल्य लिने तथा कोरोनाबाट जोगिन आवश्यक सतर्कता समेत नअपनाएको जनगुनासो पछि अनुगमन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत जनार्धन कट्‌ल, घरेलु तथा साना उद्योगका अधिकृत सन्तोष साह, खाद्य निरिक्षक सुरेश सिंह, राजविराज नगपालिकाका शाखा अधिकृत अनिता चौधरी तथा संचारकर्मीसम्मिलित टोलीले शुक्रबार अनुगमन गरेको हो ।

अनुगमनका क्रममा कृतिम अभाव सृजना नगर्न, अखाद्य बस्तुको बिक्रि बितरण तथा मनपरी मुल्य कायम नगर्न, पसलेले र ग्राहक-ग्राहकबीचको दुरी दुई मिटरको फरकमा राख्न व्यवस्था मिलाउन, मास्कको प्रयोग अनिवार्य रुपमा गर्न गराउनलगायतका निर्देशक दिँदै टोलीका सहभागिहरुले सो को पालनना नगरिए कानुन बमोजिम कारवाही गरिने चेतावनी समेत दिएका थिए ।

कोरोना संक्रमणको महामारी रोक्न सरकारले घोषणा गरेको लकडाउनको मौका छोपेर र पाएको सुविधाको कसैले दुरुपयोग गरे कडा कारवाही हुने भन्दै सबैलाई सचेत गराइएको टोलीमा सहभागि खाद्य निरिक्षक सिंहले बताए ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# नेपाल-भारतको सद्भावपूर्ण धार्मिक यात्रा



**ललित कुमार यादव**

मिथिलाको माध्यमिकी परिक्रमा सम्भवत विश्वमा सबैभन्दा लामो समयसम्म चल्ने धार्मिक यात्रा रहेको छ। मिथिलाको राजधानी एवम् धार्मिक र सांस्कृतकि भूमी लगायत विभिन्न नामले परिचित जनकपुरको वरिपरी पैदल यात्रा गरी परिक्रमा यात्रा सम्पन्न गरिन्छ। यस यात्रामा जम्मा १३३ किलोमिटर दुरी तय गरिन्छ। जसमा १०७ कि.मी. नेपाल तर्फ र २६ कि.मी. भारत तर्फ पर्दछ। ऐतिहासिक, पौराणिक एंवम् धार्मिक यात्राको रूपमा परिचित माध्यमिकी परिक्रमालाई चौरासी कोषिय परिक्रमाको नामले समेत परिचित रहेको छ। परिक्रमालाइ मिथिलाको महा–कुम्भको रूपमा समेत लिने गरिन्छ।

प्रत्येक बर्ष भगवान् राम र सिताको सम्झनामा परिक्रमा यात्रा गर्ने चलन मिथिलामा रहेको छ। जानकारहरूको अनुसार ३०० बर्ष अगाडी अर्थात १८ औँ शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रममाको रूपमा मनाउँदै आएको हो। बृहत, माध्यमिकी र अन्तगृही गरी तिन प्रकारको परिक्रमा मनाउने चलन रहेको छ। यस लेखमा बृहत परिक्रमाको बारेमा उल्लेख नगरिए पनि चलनका विषयमा उल्लेख गरिएको छ। परिक्रमामा नेपाल भारत दुबै तर्फका साधु सन्त र गृहस्थहरूको उल्लेख्य सहभागिता रहने गदर्छ। परिक्रमालाई नेपाल भारतको सद्भावपूर्ण धार्मिक यात्राको रूपमा समेत हेर्ने गरिन्छ।

फागुन औंसीमा हनुमाननगरमा विश्राम गरि प्रारम्भ भई फागुन पुर्णिमामा जनकपुर अन्तगृह परिक्रमा घुमी माध्यमिकी परिक्रमाको समापन हुने गर्छ। परिक्रमा अबधीमा १५ धार्मिक स्थलमा विश्राम गर्दै १५ दिन सम्म पैदल यात्रा गर्ने गरिन्छ। १५ विश्राम स्थल मध्ये ११ नेपाल र ४ भारतमा रहेको छ। सबै विश्राम स्थल विशेष धार्मिक महत्व बोकेको स्थलहरू रहेको छ। यी स्थलहरूको महत्व राम-सीता विवाहसँगै राजा जनकसँग विशेष सम्बन्ध रहेको मान्यता रहेको छ। यी स्थलहरूमा राम सिता विवाहको विभिन्न विधि सम्पन्न गरिएको मान्यता रहेको छ। यी स्थलहरू पौराणिक राज्य मिथिलाको राजधानी जनकपुरको सिमानामा रहेको साथै राजा जनकले भगवान शिवको पुजा गर्ने स्थलहरू समेत रहेको मान्यता रहेको छ।

जनकपुरबाट ३ कि.मी.को दुरीमा रहेको ठेरा कचुरी स्थित मिथिला बिहारी कुटीबाट निस्केको मिथिला बिहारी (राम जानकी ) को डोलाको नेतृत्वमा विभिन्न झाँकी र किर्तन सहित परिक्रमा यात्रा प्रारम्भ हुने चलन रहेको छ। परिक्रमामा जनकपुर स्थित अग्निकुण्डबाट निस्केको जानकीजीको डोला लगायत विभिन्न डोलाहरूको सहभागिता रहने गर्छ। परिक्रमा अबधीभर सहभागीहरूले भजन किर्तन सहित विभिन्न झाँखीमा रमाउने गर्छन्।

पहिलो दिनको विश्राम स्थल जनकपुरको हनुमाननगर रहेको मिथिला परिक्रमाको दोस्रो दिनको विश्राम स्थल भारतको कलानेश्वर रहेको छ। कलानेश्वरमा शिव मन्दिर रहेको र यहाँ राजा जनक पुजा गर्न आउने गर्दथ्ये। तेस्रो दिनको विश्राम स्थल भारतकै फुलहरको गिरिजास्था रहेको छ। गिरिजास्थानमै राम र सीताको पहिलो भेट भएको थियो। यहाँ सीता फुल टिप्न आउने गर्थिन्।

दोस्रो र तेस्रो दिनको भारत विश्रामपछि परिक्रमा यात्रा नेपालको महोत्तरी प्रवेश गर्छ। चौथो दिनको विश्राम स्थल महोत्तरीको मटिहानीमा रहेको छ। मटिहानीमा सिताको मटकोर भएको थियो। मटकोर मिथिलामा विबाहको क्रममा गरिने एक विधी हो। पाँचौ दिनको विश्राम स्थल महोत्तरीको जलेश्वर रहेको छ। यो महोत्तरीको सदरमुकाममा रहेको र यहाँ बहुचर्चित जलेश्वरनाथको मन्दिर रहेको छ। छैठौ दिनको विश्राम स्थल महोत्तरीको मडई रहेको छ। मडईमा विवाह उत्सव भएको मान्यता रहेको छ। सातौ र आठौ दिनको विश्राम स्थल पनि क्रमशः महोत्तरीकै ध्रुवकुण्ड र कंचनवन रहेको छ। कंचनवनमा राम र सीताले होली खेलेको विश्वास रहेको छ। परिक्रमा यात्राको क्रममा सहभागीहरूले कंचनवन पुगी होली खेले सँगै मिथिलामा होली शुरू भएको मानिन्छ।

चौथो देखि आठौ दिनसम्मको लगातार ५ दिनको महोत्तरी विश्रामपछि परिक्रमा यात्रा नेपालको धनुषा जिल्ला प्रवेश गर्छ। नवौ दिनको विश्राम स्थल धनुषाको पर्वता रहेको छ। क्षिरेश्वरनाथको दर्शन गर्दै बास बस्न पर्वता पुग्ने गर्दछ। दशौं दिनको विश्राम स्थल धनुषाको धनुषाधाम रहेको छ। सीता स्वंयवरको क्रममा रामले भाँचेको धनुषको अवशेष धनुषाधाममा रहेको छ। एघारौ दिनको विश्राम स्थल धनुषको सतोषर रहेको छ। यहाँ सतोश्वर महादेवको मन्दिर रहेको छ। बाह्रौ दिनको विश्राम स्थल धनुषाकै औरही रहेको छ।

नवौ दिनदेखि बाह्रौ दिनसम्मको धनुषा विश्रामपछि पुनः परिक्रमा यात्रा भारत प्रवेश गर्छ। तेह्रौ दिनको विश्राम स्थल भारतको करूणा रहेको छ। करूणामा राजा जनक करूणा महासागरमा डुबेको मान्यता रहेको छ। चौधौ दिनको विश्राम स्थल बिसौल रहेको छ। बिसौलमा परिक्रमा यात्रीहरूले करही बरी खाने चलन रहेको छ। पन्ध्रौ दिनमा पुनः कलानेश्वर हुँदै जनकपुर आइ जनकपुरमा बास बस्ने गर्छ। भोली पल्ट पुर्णिमाको दिन जनकपुर अन्तर्गृह परिक्रमा पश्चात परिक्रमा यात्रा समापन हुन्छ।

माध्यमिकी परिक्रमामा सहभागीहरू अन्तर्गृह परिक्रमामा सहभागी हुनैपर्ने हुन्छ। साथै माध्यमिकी परिक्रमामा सहभागी हुन नसकेकाहरू पनि जनकपुर अन्तर्गृह परिक्रमामा सहभागी हुने गर्छन्। अन्तर्गृह परिक्रमामा सहभागी हुन समेत उल्लेख्य मात्रामा सहभागीहरू आउने गर्छ। जनकपुर अन्तर्गृह परिक्रमा जनकपुर वरिपरी १५ किलोमिटरको दुरी तय गर्ने यात्रा रहेको छ। यसलाई पन्चकोषीय परिक्रमा पनि भन्ने गरिन्छ। अन्तर्गृह परिक्रमा समापन भएको भोली पल्ट अर्थात पुर्णिमाको भोलिपल्ट होली मनाउने चलन रहेको छ तराईमा└ ।

परिक्रमामा सहभागीहरूको सहयताको लागि विभिन्न संघ संस्था र स्थानीय बासिन्दाले निःशूल्क स्वास्थ शिविर, खानेपानी र भोजनको व्यवस्था समेत गर्ने गरेका छन्। विश्राम स्थलहरूमा यात्रीहरूको लागि विभिन्न सामाग्रीहरूको व्यवस्था गर्ने र स्वागत गर्न स्थानीय बासिन्दाको सक्रीय सहभागीता रहने गरेको छ। परिक्रमामा सहभागीहरू दिउँसो एक विश्राम स्थलबाट अर्को विश्राम स्थलमा जाने, बास बस्न बास स्थानको व्यवस्था गर्ने , अस्थायी टहरा बनाउने र सञ्चान हुने विभिन्न धार्मिक र सांस्कृतिक गतिविधीमा सहभागी हुने गदर्छन्। त्यस्तै रातको समयमा भजन किर्तन लगायतको कार्यक्रममा सहभागी हुने र आराम गर्ने गर्छन्। *(मधेश दर्पण फिचर सेवा)*









# कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एनसेलको १० करोड योगदान




**काठमाडौं**/सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना गरेको कोषमा एनसेल प्राइभेट लिमिटेडले १० करोड रुपैयाँ योगदान गरेको छ।

यो सहयोग कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि अत्यावश्यक व्यक्तिगत सुरक्षा उपकरण (पीपीई), स्वास्थ्य सामग्री, पीसीआर परीक्षण किट किन्न तथा क्वारेन्टाइनका साथै संक्रमित बिरामीको उपचारमा उपयोग हुनेछ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत एण्डी चोङ्गले मंगलबार प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यलयका सचिव नारायणप्रसाद बिँडारीलाई १० करोडको चेक हस्तान्तरण गरे।

कार्यकारी चोङ्गले भने "सिंगो विश्व कोभिड-१९ विरुद्ध लडिरहँदा नेपाल पनि एकजुट भएर यो संक्रमणसँग जुधिरहेको छ। कोभिड-१९ बाट हरेक नागरिकलाई जोगाउनुका साथै सम्भावित संक्रमणको उपचारका लागि हामीले सम्पूर्ण ध्यान केन्द्रित गरेका छौं।" त्यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव नारायणप्रसाद बिँडारीले एनसेलजस्तो निजी क्षेत्रको ठूलो सेवाप्रदायकले गरेको योगदान सराहनीय रहेको भन्दै सहयोगले तात्कालिक सेवा प्रवाहमा ठूलो भूमिका खेल्नेछ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत एण्डी चोङ्गले एनसेल सधैं जिम्मेवार कर्पोरेट नागरिकको रूपमा रहिआएकोले सामाजिक उत्तरदायित्वअन्तर्गत एनसेलले सरकारको कोभिड-१९ कोषमा गरेको रु. १० करोड सहयोग यसकै निरन्तरता हो भने। सरकार र आमनागरिकसँग एक भई कोभिड-१९ विरुद्ध लड्न र संक्रमण फैलिन नदिन प्रतिबद्ध रहेको जानकारी गराए। हाम्रो योगदानले कोभिड-१९ रोकथामका लागि स्वाथ्यकर्मीहरूलाई चाहिने अत्यावश्यक स्वास्थ्य सामग्री तथा उपकरणहरुको खरिदमा सरकारलाई सहयोग हुनेछ," उनले भने।

स्थापनाकालदेखि एनसेलले विभिन्न सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत नेपालको सामाजिक, आर्थिक विकासमा सहयोग पुर्‍याउँदै रु ८० करोड रुपैयाँभन्दा बढी योगदान गरिसकेको छ। शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण, प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहतजस्ता क्षेत्रमा एनसेलले योगदान पुर्‍याउँदै आएको छ।

# सडकमा सेना प्रहरी सँगसँगै केही युवा पनि खबरदारी गर्दै

**राजविराज**/लकडाउनको तेस्रोदिन विहिबार पनि सप्तरीका बजारहरु सुनशान देखिएका छन्। औषधी बाहेकका सबै पसलहरु बन्द छन्।

दुध तरकारी तथा खाद्यय सामग्री लिन विहान केही घण्टा सर्वसाधारणका लागि लकडाउन केही खुकुलो परो पनि त्यसपछि ति पसलहरु पनि बन्द देखिका छन्। खाद्यय बस्तुका सामग्री फाटफुट रुपमा खुलेको पाईएको छ।

लकडाउन सफल पार्न सडकमा नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनाका साथै सप्तरी युथ नामक संस्थाका केही युवाहरु पनि खटिएर सर्व साधारणलाई घर बाहिर ननिस्कन आग्रह गरिरहेको दृश्य दिनभर देखिएको छ।

# घर-घर पुगेर मास्क र साबुन

**राजविराज**/चिकित्सकले कोरोना संकमणबाट बच्न नियमित रुपमा सावुन पानीले हात धुने तथा मास्क प्रयोग गर्ने बताईरहेका बेला राजविराजस्थित एक औषधी पसलेले १ सय परिवारलाई निशुल्क मास्क र साबुन वितरण गरेको छ।

शनिबार राजविराज ७ स्थित साईबाबा आर्युवेदिक औषधी पसलले वडामा घरदैलो मार्फत १ सय परिवारलाई दुई-दुई थान मास्क र एक-एक थान साबुन वितरण गरेको हो।

*बाँकी पाँच पृष्ठमा*




# घरमै सीमित भएकालाई मास्क र चेतना बाड्दै जनप्रतिनिधि



**राजविराज**/लकडाउनका कारण घरमै सीमित भएका २ हजार स्थानियवासीलाई जनप्रतिनिधिले बुधबार घरमै पुगेर मास्क बितरण गरेका छन्।

राजविराज वडा नं. ७ का अध्यक्ष मागिलाल नाई तथा राजविराज नगरपालिकाका बोर्ड सदस्य प्रमोद काबरा घर घर पुगि २ हजार परिवारलाई दुई/दुई थानका दरले ४ हजार थान मास्क बितरण गरेका हुन्।

मास्क बितरण गर्दै उनीहरुले केही दिनका लागि घर बाहिर ननिस्कन र घरमा सतर्कता अपनाउन आग्रह पनि गरे। लकडाउनका कारण भेला नगरि घरदैलोकै माध्यमले मास्क बितरण र सचेतनाको प्रयास गरेका हौं, वडा अध्यक्ष नाईले भने, "सबै सतर्क हुने हो भने कोरोना रोग हाम्रो वडा र नगरमा छिर्न सक्दैन।"









# आगलागीले पसल र घर खरानी



**राजविराज**/राजविराज नगरपालिका ९ मलेठ स्थित बिनोद किराना पसलमा विद्युत सर्ट भएर शनिबार विहान आगलागी हुँदा पसलसँगै घर नै खरानी भएको छ ।

विहान ११ बजे तिर भएको आगलागीमा पसल र सो सँगै टासिएको संचालक बिनोद साहको एउटा घर पनि जलेर नष्ट भएको हो । आगलागीबाट फुसको संरचना तथा टिनको छाना भएको घर र पसल नष्ट हुँदा करिब ३ लाख बराबरको धनमाल नष्ट भएको पिडित साहले बताए ।

उनले आगलागीबाट पसलमा रहेका किराना सामग्री तथा घरमा रहेको भाडाकुडा, लत्ताकपडा, फर्निचर, टिभीका साथै नगद ५० हजार रुपैया समेत जलेर नष्ट भएको सुनाए । उनले विद्युत सर्ट भई आगो सल्किएर सो घटना भएको बताए ।

हावा चलेकाले छोटो समयमै घर र पसल सखाब भएको उनको भनाई छ ।११ बजे देखि लागेको आगो सेना, प्रहरी स्थानियबासी र राजविराज नगरपालिकाको बारुणयन्त्रको सहायताले १ घण्टाको प्रयास पछि नियन्त्रणमा लिईएको थियो ।

प्रहरीले क्षतिको विस्तृत विवरण संकलन गर्ने कार्य भईरहेको जनाएको छ ।

## घर-घर ...

संचालक रमाकान्त साहले लकडाउनका कारण सर्व साधारण घरमै सिमित भएकाले प्रशासनसँग अनुमति लिई घरदैलो मार्फत मास्क र साबुन वितरण गरिएको बताए । सो क्रममा उनले घरमा बस्दा पनि आवश्यक सतकर्ता अपनाउन र लकडाउन कार्यक्रम सफल बनाउन आग्रह पनि गरेका थिए ।

## सप्तरीस्थित ...

युनिक अस्पतालमा ५ गरि १३ शैयाको आइसियु कक्ष पनि तयारी अवस्थामा राखिएको जिल्ला स्वास्थ्य प्रमुख यादवले जानकारी दिएका छन् ।

यता सरकारले कोरोना भाइरसको जोखिमबाट जोगाउन गरेको लकडाउनमा सप्तरीका प्रमुख बजारहरु बन्द छन् । बजारहरु सुनसान देखिएको छ । सडकमा प्रहरी र सेनाको गस्ति जारि छ । अत्यावश्यक काम बाहेक घर बाहिर निस्केकाहरुलाई सेना र प्रहरीले सम्झाई बुझाई फिर्ता पठाउने गरेक छन् । अत्यावश्यक बस्तु खरीद गर्न स्थानिय प्रशासनले केही घण्टाका लागि लकडाउन खुकलो पारेपछि सर्वसाधारण घरनजिकैको पसलमा पुगि खाद्यान्न सामाग्रि किन्ने गरेका छन् ।

## लकडाउनले ...

देखिएको छ भने फाँटफुट बाहिर निस्केका सर्वसाधारणलाई सडकमा खटिएका नेपाली सेना र सुरक्षाकर्मीहरुले सम्झाई बुझाई फर्काउँदै गरेका छन् ।

बिहानदेखी स्थानिय प्रशासनले प्रमुख बजारमा म्याकिङ समेत गराउँदै घर बाहिर ननिस्कन आग्रह गरे पनि केहीले अत्यावश्यक काम भन्दै सर्वसाधारण मास्क लगाएर घर बाहिर निस्कने गरेका छन् ।

प्रहरीले लकडाउन उल्लंघन गरेको आरोपमा कसैलाई पक्राउ नगरिएको तथा फाँटफुट घर बाहिर निस्केकाहरुलाई पहिलो पटक सचेत गराउँदै घर फिर्ता पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै कोरोना भाइरसको संक्रमणको जोखिमबाट जोगिन भारतीय सीमासँग जोडिएका सबै ९ वटै सीमा नाका बन्द गरिएको छ । हरेक सीमा नाकामा सशस्त्र र नेपाल प्रहरी परिचालित भई आवतजावत पूर्ण रुपमा रोकिएको छ । सशस्त्र र नेपाल प्रहरी अधिकांश सीमा नाकामा खटिएकाले सुरक्षाकर्मीको अभधावका कारण लकडाउन सफल बनाउन सेनाको पनि सहयोग लिएको स्थानीय प्रशासनले जनाएको छ ।

सो क्रममा यहाँस्थित भिमदल गणबाट नेपाली सेनाको टोलीले प्रहरीसँग सँगै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, खड्क नगरपालिका र रुपनी गाउँपालिकामा गस्ति सुरु गरेको प्रमुख जिल्ला अधिकारी सुनिल खनालले जानकारी दिए ।

कोरोनाका त्रासका कारण घरमै सीमित भएकाहरु अहिले फेसबुक र टेलिभिजनमा समाचार हेर्दै समय बिताउँदै गरिएको देखिएको छ । कोराना व्यवस्थापनका लागि हाल जिल्लाका चार अस्पतालमा ५६ वेडको आइसोलेशन तथा क्वारेन्टाइन कक्ष र १३ वटा आइसियु कक्ष तयार गरि आवश्यक उपकरणसहित तालिम प्राप्त चिकित्सकहरुको व्यवस्था मिलाइसकिएको तथा हालसम्म कुनै संक्रमित व्यक्ति फेला नपरेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।






# अन्तर्राष्ट्रिय समाचार

## घरमै बसेर प्रार्थना गर्न मुस्लीम धर्मावलम्बीलाई आह्वान

**नयाँ दिल्ली**/मुस्लीम धर्मावलम्बीहरूको प्रतिष्ठित संस्था जमैत उलेमा-ए-हिन्दले मुसलमान धर्मावलम्बीहरूलाई घरमै बसेर प्रार्थना गर्न आह्वान गरेको छ । विश्वभरी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण थप फैलिन नदिनका लागि यस्तो आह्वान गरिएको संस्थाले जनाएको छ । मुसलमान धर्मावलम्बीहरू हरेक हप्ता शुक्रबार मस्जिदमा जम्मा भएर प्रार्थना गर्ने परम्परा रहेकोले उनीहरूलाई कोरोना सङ्क्रमणको खतरा धेरै रहेको भन्दै चिन्ता व्यक्त हुँदै आएको थियो ।

जमैतका अध्यक्ष मौलाना अर्शद मदानीले शुक्रबार आफ्नै घरमा बसेर प्रार्थना गर्न समस्त मुसलमान धर्मावलम्बीहरूलाई आग्रह गर्नुभएको हो । उहाँले भन्नुभयो "मस्जिदमा भेला भएर प्रार्थना गर्नुको सट्टा घरमै बसेर प्रार्थना गर्न आग्रह गर्दछु ।" मुस्लीम धर्मावलम्बीहरूले हरेक दिन पाँच पटक प्रार्थना गर्दछन् । "सबै मान्छेले भेला हुने कार्यलाई अस्वीकार गर्नुपर्दछ, मानव जीवन रक्षाका लागि यो अत्यावश्यक छ" उहाँले भन्नुभयो । सरकारी निकायहरूको आग्रह र निर्देशनलाई समेत मध्यनजर गर्दै यस्तो आग्रह गरिएको अध्यक्ष मदानीले बताउनुभयो । एजेन्सी

## कोभिड-१९ बाट इटालीमा एकैदिन ९१९ को मृत्यु, अमेरिकामा संक्रमित एक लाख नाघ्यो

**जेनेभा**/कोभिड-१९ नाम दिइएको प्राणघातक कोरोना सङ्क्रमणबाट इटालीमा एकै दिन ९१९ जना नागरिकको ज्यान गएको बताइएको छ । केही दिनयता यहाँ ज्यान जाने नागरिकको सङ्ख्या बढिरहेको देखिएको छ । यो सँगै इटालीमा ज्यान जानेको सङ्ख्या ९ हजार १३४ पुगेको छ । शनिबार बिहानसम्मको यो अवस्थालाई निकै भयावह मानिएको छ । इटाली विश्वमा नै यो सङ्क्रमणबाट सबैभन्दा धेरै नागरिकले ज्यान गुमाउने देश हो । यहाँ ज्यान जानेमा अधिकांश लोम्बार्डी क्षेत्रका नागरिक छन् । सो ठाउँमा इटालीमा सुरुदेखि नै सङ्क्रमण हुनेको संख्या धेरै नै रही आएको देखिएको छ । त्यसैगरी इटालीमा सङ्क्रमण हुनेहरु ८६ हजार ४९८ पुगेका छन् । त्यहाँ पनि प्रतिदिन निकै नै ठूलो संख्यामा नागरिकको ज्यान गइरहेको अवस्था देखिएको छ । त्यसैगरी हिजोमात्र स्पेनमा ७७७ जनाको ज्यान गएको छ । यो सँगै स्पेनमा ज्यान जाने नागरिकको संख्या ५ हजार १३८ जना पुगेको छ । त्यसैगरी इटालीमा सङ्क्रमण हुनेहरु ६५ हजार ४९८ पुगेका छन् । यहाँ ९ हजार ३९७ उपचारपछि घर फर्किएका छन् । यसरी स्पेन कोरोना सङ्क्रमणबाट बढी ज्यान जाने देशमा इटालीपछिको दोस्रो हो । यता अमेरिका यो सङ्क्रमणको सबैभन्दा धेरै नागरिक सङ्क्रमित हुने देशमा परेको छ । यहाँ अहिलेसम्म १ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका छन् ।

यस भाइरसबाट मृत्यु हुने संयुक्त राज्य अमेरिकामा मात्र १ हजार ७०४ जनाको ज्यान गइसकेको छ । त्यहाँको सङ्क्रमण व्यक्तिको सङ्ख्या १ लाख ४ हजार २५६ जना पुगिसकेको छ । यो सङ्ख्या विशेषगरी पछिल्लो हप्तामा मात्र देखिएको हो । यसरी यहाँ निकै द्रुत रुपमा यस सङ्क्रमणको विस्तार भइरहेको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार संसारभरि ५ लाख ९७ हजार ४५८ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । सङ्क्रमित व्यक्तिहरूमध्ये १ लाख ३३ हजार ३७३ जना उपचारपछि घर फर्किएका छन् । चीनको हुबेइ प्रान्तको उहान शहरबाट शुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ । सोही बमोजिम नागरिकलाई सतर्कता अपनाउन पनि विश्व स्वास्थ्य संगठनले विश्वका सबै देशका नागरिकलाई आग्रह गरिरहेको छ । यद्यपि इटाली र स्पेनमा यस भाइरसका कारण भयावह स्थिति भएको छ । कोरोना भाइरस सङ्क्रमणबाट चीनमा ३ हजार २९५ जनाको मृत्यु भएको छ भने । त्यहाँ ८१ हजार ३९४ जना सङ्क्रमित रहेका छन् । यसैबीच ७४ हजार ९७१ व्यक्ति उपचारपछि घर फर्किएका छन् ।

इरानमा कोरोना भाइरसको सङ्क्रमणका कारण २ हजार ३७८ जनाको मृत्यु भएको छ । हाल ३२ हजार ३३२ जना सङ्क्रमित रहेका छन् । एघार हजार १३३ जना उपचारपछि घर फर्किएका बताइएको छ । जर्मनीमा कोरोना भाइरसको सङ्क्रमणको कारण ३५१ व्यक्तिको मृत्यु भएको छ । हाल त्यहाँ ५० हजार ९३८ जना सङ्क्रमित रहेका छन् । यहाँका छ हजार ६५८ उपचारपछि निको भएर घर फर्किएका छन् । यसरी हेर्दा जर्मनीमा पनि कोरोनाको सङ्क्रमण बढ्दै गएको अवस्था देखिएको छ । उता फ्रान्समा कोरोना भाइरस सङ्क्रमणका कारण एक हजार ९९५ जनाको मृत्यु भएको छ । शनिबार प्राप्त समाचारअनुसार यहाँ ३२ हजार ९६४ सङ्क्रमित रहेका छन् । फ्रान्समा एकैदिन ३ हजार जना सङ्क्रमित थपिएको जनाइएको छ । यहाँका पाँच हजार भन्दा बढी नागरिक उपचारपछि घर फर्किएका छन् । बेलायतमा पनि पछिल्लो समयमा कोरोना भाइरस सङ्क्रमणको हुनेको संख्या बढ्दै गएको देखिएको छ । यहाँका ७५९ व्यक्तिको मृत्यु भएको छ । यहाँका १४ हजार ६५८ सङ्क्रमित भएका छन् । यहाँका करिब ५०० जना भने उपचारपछि निको भएर घर फर्किएका छन् ।

नेडरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण ५४६ व्यक्तिको मृत्यु भएको छ । आठ हजार ६०३ सङ्क्रमित भएका छन् । यसैबीच ३ जना भने उपचारपछि निको भएर घर फर्किएका छन् । दक्षिण कोरियामा कोरोना भाइरस सङ्क्रमणको कारण १४४ व्यक्तिको मृत्यु भएको छ । नौ हजार ४७८ सङ्क्रमित भएका छन् । चार हजार ८११ उपचारपछि निको भएर घर फर्किएका छन् । स्विट्जरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण २३१ व्यक्तिको मृत्यु भएको छ । १२ हजार ९२८ सङ्क्रमित भएका छन् । यसैबीच १३१ जना भने उपचारपछि घर फर्किएका छन् । यसैगरी यस सङ्क्रमणबाट अष्ट्रिया, बेल्जियम, नर्वे, अष्ट्रेलिया, ब्राजिल, स्वेडेन, पोर्चुगल, क्यानाडा, डेनमार्क, मलेसिया, आयरल्याण्ड, पोल्याण्ड, ग्रीस, इन्डोनेसिया, फिलिपिन्स, हङकङ, इराक, अल्जेरिया, भारत, पाकिस्तान, थाईल्याण्ड, सिङ्गापुर, रुस, पेरुलगायतका देशमा पनि नागरिकको ज्यान गएको छ । एजेन्सी

# कोरोनाको जोखिम र भीडभाड घटाउन औषधी पसलेको नयाँ जुक्ती




**राजविराज**/विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट सुरक्षित रहन र अरुलाई पनि सुरक्षित राख्दै औषधीको विक्री वितरण गर्न यहाँ स्थित एक औषधी पसलेले नयाँ जुक्ती निकालेका छन् ।

ति जुक्ति हुन - ग्राहकहरु विच भौतिक दुरी । पसल खुल्नासाथ औषधी किन्न आउने भिड लाग्न थालेपछि सप्तरी दरमुकाम राजविराज ७ स्थित जिल्लाकै पुरानो जनता डिस्पेन्सरी नामक औषधी पसलले औषधी किन्न आएका ग्राहकहरुलाई पाँच पाँच फिटको दुरीमा उभिन लगाएर पालैपालो औषधी दिने व्यवस्था विहिबार देखि सुरु गरेका छन् ।

जिल्लामा लकडाउनको अवस्थामा पनि औषधी किन्न आउने बिरामी र आफन्तको चापका कारण कोरोना भाईरसको जोखिम बढेकाले सतर्कता स्वरुप त्यस्तो जुक्ति अपनाइएको संचालक शुशिल कावराले बताए ।

पसल अगाडी उभिनका लागि पाँच/पाँच फिटको दुरी बनाईएको गोलाकार चिन्हमा उभिएर पालैपालो औषधी दिने व्यवस्थाका साथै मास्क लगाएर नआउनेलाई एक पटकका लागि सचेत गराउँदै मात्र औषधी दिने गरिएको उनले सुनाए ।

यसले संक्रमणको सम्भावना पनि कम हुने उनको भनाई छ ।

वडाध्यक्ष माँगीलाल नाईले अत्याधिक भिड हुने सो पसलमा पुर्व तयारीका लागि संचालकले देखाएको सचेतता उदाहरणीय रहेको भन्दै लकडाउनका बेला खुला रहने अन्य औषधी तथा किराना पसलले समेत भिडभाड कम गर्न र ग्राहक बिच भौतिक दुरी बढाएर राख्न यस्तो उपाय अवलम्बन गर्न सुझाव दिएका छन् ।

# लकडाउनका बिच दिउँसै चोरी

**राजविराज**/लकडाउनका विच शनिबार दिउँसै चोरीको घटना भएको छ । सप्तरी सदरमुकाम राजविराज स्थित सहरी स्वास्थ्य क्लिनिक केन्द्र अगाडीबाट दिउसो ३ बजे तिर सोही क्लिनिकका प्रमुख सन्तोष दासको बा ४३ प २२१२ नम्बरको मोटरसाईकल चोरी भएको हो ।

क्लिनिकको कामले व्यस्त रहेको उनी काम सकेर बाहिर निस्किदा मोटरसाईकल चोरी भएको थाहा पाएका थिए । प्रहरी उपरिक्षक कृष्ण प्रसाईले मातहतका सवै प्रहरी कार्यालयमा सो बारे जानकारी गराई खोजी कार्य भईरहेको बताए ।

लकडाउनका बेला स्थानियबासी घरमै सिमित भएका तथा सडकमा सुरक्षाकर्मीको बाक्लो उपस्थितिका वावजुद दिउसै भएको चोरी घटनाले सवैलाई चकित बनाएको छ ।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

# लकडाउनका बेला पनि चोर सक्रिय

**राजविराज**/विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस संक्रमणबाट जोगाउन लकडाउन गरिएका बेला सप्तरीको एक वडा कार्यालयमा चोरी भएको छ । सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. ३ को कार्यालय बुधबार राति चोरीको घटना भएको हो ।

चोरलेवडा कार्यालयको ढोका फुटाएर कम्प्युटर १ थान र त्यसमा प्रयोग हुने उपकरण सामग्री तथा सेवाग्राहीबाट राजश्व वापत संकलित करिब १६ हजार नगद समेत चोरी गरि लगेको वडाध्यक्ष अनुज कुमार यादवले बताए ।

विहिबार विहान वडा कार्यालय आउँदा ढोकाको ताला फुटाएर चोरी भएको थाहा पाएको उनले तत्कालै नगरपालिकाको प्रमुख र प्रहरीलाई घटनाबारे जानकारी गराएको सुनाए । प्रहरीले यसबारे अनुसन्धान भईरहेको जनाएको छ ।

विगत ३ दिन देखि कोरोनाका जोखिमबाट जोगाउन लकडाउन गरी ठाउँठाउँमा सुरक्षा गस्ती बढाएको बेला भएको चोरी घटनाले स्थानिय चकित परेका छन् ।

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामूलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छुं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER (Money Transfer Made Easy), Best Remit (Quick & Easy), PRABHU Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*